जि.प्र.का. दर्ता नं. : ४८५/०६८/०६५ स.क.प. दर्ता नं. : ४३८१५ प्यान नं. : ६००५३७३२०
धार्मिकताले राष्ट्रलाई उचाल्छ-हितोपदेश १४:३४
राष्ट्रिय ख्रीष्टियन महासंघ, नेपाल
केन्द्रिय समिति
Federation of National Christian, Nepal (FNCN)
Central Committee
Anamnagar-29, Kathmandu, Nepal Email: fncnn2010@gmail.com, fncn.np.org.com

प.स. २०८२ /०८३
च.नं. ०४२

२०८३/०२/१३

सम्माननीय सभामुख
श्री डोल प्रसाद अर्यालज्यू
प्रतिनिधि सभा, संघीय संसद् काठमाडौं, नेपाल ।

**विषयः संसद्‌मा व्यक्त अभिव्यक्तिप्रति ध्यानाकर्षण गराई सदनको रेकर्डबाट हटाइदिन अनुरोध ।**

महोदय,

हिजा मिति २०८३ जेष्ठ १२ गत्तेको प्रतिनिधि सभाको बैठकमा राप्रपा सांसद माननीय खुस्बु ओली ज्यूद्वारा खीष्टियन समुदायलाई लक्षित गर्दै व्यक्त गरिएका टिप्पणीप्रति राष्ट्रिय खिष्टियन महासंघको गम्भीर ध्यानाकर्षण भएको छ। संसद् जस्तो गरिमामय र सार्वभौम संस्थाभित्र कुनै पनि जात, धर्म, वर्ग वा समुदायप्रति आघात पुग्ने, पूर्वाग्रह पैदा गर्ने तथा सामाजिक सद्‌भावमा नकारात्मक असर पार्ने अभिव्यक्ति प्रयोग हुनु दुःखद विषय हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई धर्म तथा आस्थाको स्वतन्त्रताको सुनिश्चितता गरेको छ। यस्तो अवस्थामा कुनै पनि समुदायलाई सामूहिक रूपमा आरोपित गर्ने वा उनीहरूको आस्था र सामाजिक सेवामाथि प्रश्न उठाउने अभिव्यक्तिले बहुधार्मिक नेपाली समाजमा असहजता, असुरक्षा र विभाजनको भावना उत्पन्न गर्न सक्छ। खीष्टियन समुदायले शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, विपद् व्यवस्थापन तथा दुर्गम क्षेत्रमा पुऱ्याएको मानवीय योगदान राष्ट्रकै हितमा केन्द्रित रहँदै आएको तथ्य सर्वविदित छ। त्यसैले यस्ता विषयलाई तथ्य, संवेदनशीलता र संवैधानिक मर्यादाभित्र रहेर प्रस्तुत गरिनु आवश्यक छ।

अतः राष्ट्रिय खिष्टियन महासंघको तर्फबाट हिजा सदनमा व्यक्त उक्त विषयवस्तु तथा शब्दहरू प्रतिनिधि सभाको आधिकारिक रेकर्डबाट हटाइदिनुहुन तथा आगामी दिनमा संसद्‌भित्र जात, धर्म, वर्ग वा समुदायमाथि आघात पुग्ने किसिमका अभिव्यक्ति प्रयोग हुन नदिन आवश्यक निर्देशन तथा ध्यानाकर्षण गराइदिनुहुन विनम्र अनुरोध गर्दछौं।साथै यस बिषय हिजो नै संघीय संसद् सचिवालयलाई समेत ईमेल मार्फत जानकारी गराईएको हुँदा लोकतान्त्रिक अभ्यासमा संसद् समाजलाई विभाजन गर्ने होइन, सबै समुदायबीच सद्‌भाव, सहअस्तित्व र राष्ट्रिय एकता सुदृढ गर्ने थलो बन्नुपर्दछ भन्ने हाम्रो विश्वास रहेको छ। धन्यवाद ।

रेभ. उद्धब प्रसाद चिमोरिया
अध्यक्ष
राष्ट्रिय खीष्टियन माहासंघ नेपाल
अनामनगर- २९ काठमाडौं, नेपाल ।